# भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
Bhimad, Tanahun
२०७३/2073

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


प.सं./Ref No.:२०८१/८२
च नं/Des No.:

मिति:- २०८२।०३।०६

सूचना ।

विषयः- भुक्तानी बन्द हुने सम्बन्धमा ।

श्री विषयगत शाखा/वडा कार्यालय/उपभोक्ता समिति/निर्माण व्यवसायी/आपूर्तीकर्ता/सेवा प्रदायक संघसंस्था तथा सरोकारवालाहरु सबै ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १, ३, ७ र ८ बमोजिम आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै निकासा तथा खर्चको लेखा अद्यावधिक गरी खर्च लेखांकन तथा भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । सोही बाध्यकारी व्यवस्था अनुसार स्थानिय तहहरुले खर्च भुक्तानीका लागि प्रयोग गर्ने Software स्थानिय तह संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा मिति २०८२।०३।१५ गते पश्चात अत्याधिक चाप पर्न जाने र बिद्युतिय प्रणालीमा निश्चित स्तरभन्दा बढी भार पर्न गएको अवस्थामा प्रणालीले अपेक्षाकृतरुपमा कार्यसम्पादन गर्न नसकी लेखांकन तथा भुक्तानीमा समस्या आई अबरुद्ध हुन सक्ने भएकोले यस नगरपालिका सम्बद्ध विषयगत शाखा/वडा कार्यालय/उपभोक्ता समिति/निर्माण व्यवसायी/आपूर्तीकर्ता/सेवा प्रदायक संघसंस्थाहरु/ सरोकारवालाहरु सबैले चालु आ.ब. २०८१/८२ मा संचालित योजना कार्यक्रमहरुको भुक्तानी प्राप्तीका लागि रितपूर्वक भुक्तानी योग्य प्रमाणित कागजात तथा बिल भरपाई मिति २०८२/०३/१५ भित्र नगरपालिकाको आर्थिक प्रशासन शाखामा पेश गरी, भुक्तानी लिनुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । साथै तोकिएको समयसिमा भित्र भुक्तानीका लागि कागजात पेश नभई ढिलो गरी पेश भएमा यस कार्यालय भुक्तानी गर्न बाध्य नहुने र सोको जिम्मेवारी सम्बन्धित पक्ष नै हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

अर्जुनप्रसाद पौडेल
लेखा अधिकृत

कमल प्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ:-
श्रीमान नगर प्रमुख ज्यू
श्रीमान नगर उप्रमुख ज्यू
श्री सूचना प्रविधि शाखा:- यो सूचना कार्यालयको website, Facebook page मा राखिदिनुहुन ।